# अजयमेरु गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालय

## भद्रपुर, डडेल्धुरा

# अजयमेरु गाउँपालिकाको आ .व. २०८१/०८२ को

# वार्षिक प्रगतिको संक्षिप्त प्रतिबेदन

अजयमेरु गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरूको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न !!!












# वित्तीय प्रगती प्रतिवेदन स्रोतको आधारमा

## (संघीय /प्रदेश सरकार)

| क्र.स. | विवरण | कूल रकम | निकासा रकम | खर्च रकम | खर्च% बजेट निकासाको आधारमा | फिर्ता रकम |
|---|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | ८,८१,०२,००० | ८,१४,०२,८८० | ६८७४९४७६.४ | ८४.४६ | |
| २ | शशर्त अनुदान | २५७६३३००० | २५२२१९११९ | २३२१५३७२३.७ | ९२.०४ | १९८३३४६०.४ |
| ३ | विशेष अनुदान | १७५००००० | १३१०७३३० | ११९८०६५४ | ९१.४० | ११२६६७६ |
| ४ | समपुरक अनुदान | २०६५०००० | १०५५११८५ | १०१५९५३७ | ९६.२९ | ३९१६४८ |
| ५ | राजस्व बांडफांड | ८५८००००० | ७७१५२३२६.६ | ७६६५२४७४.०७ | ९९.३५ | |
| ६ | अल्या | ४६३३०६९ | ४६३३०६९ | ४६३३०६९ | १००.०० | |

## अन्तर सरकारी अख्तियारी

| सि.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ५०००००० | ३७८५३२९ | ७५.७१ | |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | ७८३४७०८२ | ७८३०७३०२ | ९९.९५ | |
| ३ | स्वास्थ्य केन्द्र भवन निर्माण कार्यक्रम | ३८८६००० | २४६१२३० | | |
| ४ | दीर्घरोगीहरुको सामाजिक सुरक्षा भत्ता | ४०५००० | ३५५००० | | |

| गाउँपालिकाको चालू तथा पूजिगत खर्चको वित्तिय प्रगति | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | वजेट उपशिर्षक | बार्षिक बजेट | वास्तविक आय | खर्च रकम | वास्तविक आयको आधारमा खर्च प्रतिशत (%) |
| १ | चालु | ३६६००८००० | ३४१५१०५७२.४० | ३२२२४९३७६.१२ | **९४.३६** |
| २ | पूजीगत | १३१२७०००० | १०२०४२९८१.२६ | ८५५०१८१४ | **८३.७९** |
| **जम्मा** | | ४९७२७८००० | ४४३५५३५५३.७ | ४०७७५११९०.१ | **९१.९३** |

| वडा नं. | गाउँपालिका लक्ष्य | प्रगति | वार्षिक प्रगति प्रतिशत (%) | कैफियत |
|---|---|---|---|---|
| १ | २५०००० | २५८८७७.६ | १०३.५५ | |
| २ | ३००००० | ३२८७९०.८३ | १०९.६० | |
| ३ | २५०००० | ३०२१३२ | १२०.८५ | |
| ४ | २५०००० | ३२४२९७ | १२९.७२ | |
| ५ | ३००००० | २६३११२.६१ | ८७.७० | |
| ६ | २५०००० | २६७७७९ | १०७.११ | |
| वडाको जम्मा | १६००००० | १७४४९८९.०४ | १०९.०६ | |
| गा.पा.को राजस्व | | ३८९३९५१.४ | | |
| जम्मा आन्तरिक आम्दानी | | ५६,३८,९४०.४४ | | |

| सि.नं. | विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १.आन्तरिक आम्दानी | | | | | | | | |
| क) | कर/सेवा शुल्क | १९८०० | १२३८६४ | १७५६६४ | ५९७६२ | २७७७० | २२२७२ | ४२९१३१.६ |
| ख) | मालपोत असुली | २२३२७.६ | ६३२७७.२ | ३९६१८ | ६२३८५ | ९८८५२.६१ | ४४६१४ | ३३१०७४.४४ |
| ग) | व्यक्तिगत घटनादर्ता | ५९००० | ५७८५० | २९९०० | ३४७०० | ३७८०० | ४१६०० | २६०८५० |
| घ) | सिफारिस दस्तुर | ८२९५० | ७८८०० | ४४४५० | १५६९५० | ८५६९० | १२१५४३ | ५७०३८३ |
| ङ) | दण्ड/जरिवाना (मा.प.से) | ७४८०० | ५००० | १२५०० | १०५०० | १३००० | ३७७५० | १५३५५० |
| | जम्मा | २५८८७७.६ | ३२८७९१ | ३०२१३२ | ३२४२९७ | २६३११२.६१ | २६७७७९ | १७४४९८९.०४ |

## व्यक्तिगत घटनादर्ता प्रतिवेदनः

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ३१ | २८ | ५९ | १० | ९ | १९ | १ | ३६ | ३ | ८ | १७ | ४४ | १३५ |
| २ | ७८ | ५३ | १३१ | १७ | ११ | २८ | | ४२ | ९ | १४ | ४१ | १०४ | २५१ |
| ३ | ३४ | २९ | ६३ | १७ | ५ | २२ | | २९ | २ | ८ | ४४ | ९९ | १६० |
| ४ | ३६ | ४० | ७६ | १६ | १२ | २८ | | ४५ | ४ | ४ | ३६ | ६४ | १८९ |
| ५ | ४३ | ५२ | ९५ | १२ | १० | २२ | १ | २८ | १ | १ | २९ | ६२ | १७६ |
| ६ | ३७ | ४३ | ८० | १३ | ११ | २४ | | २९ | ३ | ७ | २४ | ६८ | १६० |
| जम्मा | २५९ | २४५ | ५०४ | ८५ | ५८ | १४३ | २ | २०९ | २२ | ४२ | १९१ | ४४१ | १०७१ |

## सेवाप्रवाहको अवस्थाः

- ऐन कानुन कार्यविधि निर्माणः ३८ ऐन ५६ कार्यविधि २३ नियमाबली
- कार्यपालिका बैठकः १७ पटक
- स्टाफ बैठकः १३ पटक
- विपद् व्यबस्थापन समिति बैठकः ६ पटक
- गैरसरकारी संस्थासँग समन्वय बैठकः ४
- ईजाजतपत्र नविकरणः २७
- अपांगता परिचयपत्र वितरणः ७ ओटा
- न्यायिक समितिमा दर्ता मुद्दा ३ मध्ये ३ फस्यौंट

## गाउँपालिकाबाट सम्पादित मुख्य कामहरू

- कर्मचारी कल्याण कोषबाट सेवा निवृत्त कर्मचारीलाई अवकास पश्चातको सुविधा उपलब्ध गराइएको।
- विभिन्न मितिमा वडा नं. १, २ र ६ समेत गरी कुल १९५ जनालाई रू. १०,४५,५२५/- बराबरको आर्थिक सहायता प्रदान।
- युवाहरूलाई लक्षित ड्राइभिङ तालिम कार्यक्रम सम्पन्न गरिएको।
- वेरुजु फछ्र्योट सम्बन्धी तालिम सञ्चालन गरिएको।
- महिला नेतृत्व विकास तालिम सम्पन्न।
- न्यायिक मेलमिलाप सम्बन्धी तालिम सञ्चालन। अजयमेरु कोटको उत्खनन कार्यको पुनर्निर्माणको सुरुवात गरिएको।
- LISA (९८%) र FRA (९७.५%) प्रथम स्थान प्राप्त।
- राष्ट्रिय वित्त आयोगको मूल्यांकनमा सुदूरपश्चिम प्रदेशका गाउँपालिकाहरूमा अजयमेरु प्रथम स्थानमा चयन।
- नियमित बजार अनुगमन कार्य सञ्चालन। e हाजिरी जडान ।
- पालिकाको O & M सर्बेक्षणको सुरुवात
- भद्रपुर प्रहरी चौकीको लागि जग्गा खरिद
- बालश्रम मुक्त पालिका घोषणाका लागि तथ्याश्र्क संकलन गरी तथ्याङ्क एकिकृत तथा पालिकाको प्रोफाईल अद्यावधिकको तयारी ।
- अजयमेरु कोटको उत्खनन्
- घरदैलोमा राष्ट्रिय परिचयपत्र वितरण
- गैरसरकारी संस्थाहरू मुक्तहलिया समाज महासंघ बहुउद्देशिय विकास समाज एकिकृत विकास समाज डिजिटल हेल्थ सिडिसी लगायत संगको सहकार्यमा सामाजिक विकास तथा उद्यमशिलता विकासका क्षेत्रमा कार्य
- न्यायिक निरुपण तथा उपराध न्यूनिकरणका लागि जिल्ला प्रशासन कार्यालयसंगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन
- २४ औ घण्टा पहुँच हुने गरी लाईभ सिसि क्यामराहरू जडान कार्य सम्पन्न
- सम्पत्ती व्यवस्थापन प्रणाली सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न

- संघ र प्रदेश सरकारबाट पालिकाभित्र सञ्चालन हुने आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र अनुगमन

**भौतिक पूर्वाधार शाखाः**

- पालिकामानै पहिलोचोटी आफ्नै जनशक्ती प्रयोग गरि दोगाड भद्रपुर सडक अन्तरगत कसेडा खोलामा कल्भट को निर्माण कार्य सुचारु .
- मठ मन्दिरहरुको निर्माण पुरातत्त्व विभागको नर्मसमा रहि कार्य गरेको ।
- उपभोक्ता समिति का पदाधिकारी लाई क्षमता अभिवृद्धि तालिम प्रदान ।

**स्वास्थ्य शाखाः**

- आ.व. २०७९।०८० को स्वास्थ्य कार्यालय डडेल्धुराको मुल्याङ्कनमा जिल्ला दितिय र आ.व. २०८०।०८१ को मुल्याङ्कनमा जिल्ला प्रथम हुन सफल भइयो |
- स्वास्थ्य सेवाको पहुच कम भएका बस्तिहरुमा जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम |
- बिद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम संचालन |
- सबै स्वास्थ्य ईकाईहरुमा म अक्सिजन कन्सन्ट्रेटर को शुबिधा विस्तार।
- सबै वडाहरुमा स्तनपान कक्ष स्थापना
- HPV राष्ट्रिय खोप अभियान संचालन बाट ८२७ जना वालिकहरुले खोप पाए
- ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम |
- सबै वडाहरु मा बालबालिकाको कडा शिघ्र कुपोषण को उपचार गर्न OTC संचालनमा रहेको जसमा १२ बालबालिका भर्ना भइ उपचार भएको |
- ६ वटै वडाहरु तथा भुलकुडा र खतेडा मा १/१ दिने एकिकृत स्वास्थ्य शिबिर संचालन गरे (२२३६ )
- देवल स्वास्थ्य चौकी लाइ पोषण मैत्री स्वास्थ्य संस्था घोषणा ।
- स्वास्थ्यकर्मी मार्फत घर घर मै उत्तरप्रशुती जांच सेवा |
- दुई दिने आखाँ को शल्यक्रिया शिबिर संचालन गरिएको

  चिपुर स्वास्थ्य चोकी लाइ किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा ।
- सम्पूर्ण वडाहरु तथा गा.पा. पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको | सुदुरपश्चिम प्रदेशमै पहिलो पूर्ण संस्थागत प्रसुति पालिका घोषणा गरिएको |

**यातायात शाखाः**

- आ. ब २०८१/०८२ को असौज महिना सम्म वडा न १,२,३,मा गा.पा. को जे. सि. बि. र वडा न ४,५,६ मा भाडाको जे. सि. बि. ले सबै वडाका मुख्य रोड र साखा रोड पहिरो सपाई गरि सबारि साधन सन्चालनमा ल्याईयको।
- जनताको माग बमोजिम ६ वटै वडाबाट तरकारि फूल,माहुरि का घार आवश्यकता अनुसार सम्बन्धित ठाउमा पुर्याईयो ।
- ६ वटै वडामा जिल्ला र गा पा बाट प्रदान गरियका ग्यबिन जालि पोलिथिन पाईप,बिजुलिका पोल टेक्टर बाट सम्बन्धित ठाउमा पुर्याईयो ।
- सेनेटरि प्याड र जिल्ला भू-क्षयबाट दिईएका बिभिन्न जातका बिरुवा समयमा नै वडा, स्कुल,स्वास्थ्य चौकि सम्म समयमै सम्बन्धित ठाउमा पुर्याईयो ।
- यस पालिका अन्तरगत रहेका अति बिपन्न आर्थिक स्थिति कमजोर रहेका परिबारका बिमारि मनस्थिति खराब भयका बिमारिलाई निःसुल्क अस्पताल ल्याउन लैजान सहयोग पुर्याईयको ।
- दुर्गम वडाका बाल बालिकालाई see हुने परिक्षा केन्द्र सम्म निसुल्क लैजाने ब्यबस्था मिलाईयो साथै सामाजिक सुरछा भत्ता बितरण गर्न बैकका कर्मचारि लाई सम्बन्धित वडा सम्म ल्याउने लैजाने सुबिधा दिईयको
- ६ वटा निजि नम्बर प्लेट का बाईक लाई सरकारि नम्बर प्लेट हालियो ।

**मेडपा**

- गरीबि निवारणकालागी लघु उद्यम बिकास कार्यक्रम द्वारा सृजना तथा बिकास गरीएका लघु उद्यमीहरुले उत्पादन गरेका सामाग्री तथा उत्पादनहरुको बिक्री बितरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले साझा सुबिधा केन्द्र उयमी घर को स्थापना गरियो ।
- प्रतेक लघु उद्यमीहरुको ब्यवसायीक योजना तयारपार्न सहजीकरण गरीयो ।
- राष्ट्रिय हलियामुक्ति महा संघ द्वारा सञ्चालित मक्त हलिया एवम दलित हलियाहरुका लागी अदुवा बेसार भटमास बिउ वितरण कार्यक्रम र मौरी घार र अन्य सामाग्रीहरु वितरण गरियो

**कृषि शाखा/पशु शाखा**

- कृषकले माग गरे बमोजीम ३३८ कुन्टल आलु बिउ उपलब्ध गराईयो। साथै उक्त बिउबाट २७०४०० के जी आलु उत्पादन गरी ८११२००० बराबरको रकम आम्दानी गरेका छन ।
- प्याजखेती गर्ने किसान लाई अनुदान बितरण । साथै २२७००० के जी प्याज किसानले उत्पादन गरी ५६७५०० बराबरको आम्दानी गरेका छन ।
- कृषि ज्ञान केन्द्र डडेल्धुराको आयोजनाको बिभिन्न गोष्टी तथा समिक्ष कार्यक्रममा सहभागी ।
- कृषकको घरदैलोमा गई नियमित बालि उपचारका साथै आवश्यक सुझाव सल्लाह गरीयो ।
- कृषकले माग गरे बमोजीम आवश्यक सिचाई पोखरी निर्माण ।
- वडा न ६ का बिभिन्न स्थानहरुमा मेलका बिरुवामा नास्पाति कलमी।
- मकै बालिमा ब्यापक लागेको फौजिकिरा नियन्त्रण गर्न फिल्डमा गई बालि उपचार सेवा गरेको ।
- कृषकहरुलाई हाईब्रिड बिउमा अनुदान।
- नवनिर्मित कृषि तथा पशु सेवा उपचार केन्द्र बाट प्रयोगशाला सेवा सम्बन्धी थप सेवा नियमित रुपमा संचालनमा ल्याईएको ।
- गा पा अन्तरगत रहेका कृषक समुह तथा फर्ममा गई नियमित अनुगमन गरीयो
- अ. गा. पा. ३ मा संचालित दुग्ध डेरी बाट मासिक ७५ के जी खुवा उत्पादन तथा निर्यात
- पशु सेवा तलिमकेन्द्र धनगढी मा साहयक स्तर तालिम ३ पटक (पशु सेवा ईकाई जनचेतना राजुल, पशु सेवा ईकाई चिपुर, पशु सेवा ईकाई भद्रपुर।
- भेटेरीनरी अस्पताल केन्द्र डडेल्धुराको आयोजनामा गरीएका बिभिद कार्यक्रम तथा अर्ध वार्षिक तथा बार्षिक कार्यक्रम समिक्षा गोष्ठीमा भाग लिईएको ।
- अ. गा. पा. अन्तर्गत सबै वडाहरुमा राष्ट्रिय पि. पि. आर. खोप सन्चालन गरीएको ।
- वार्ड न ५ देवल अन्तर्गत लेटम(कुमारसाउ) मा बाख्रामा देखिने रोगको पहिचानका लागी बिमारी बाख्राको राग पहिचानका लागी रगत संकलनगरी पशुरोग अनवेशण प्रयोगशाला धनगढी पठाईएको ।
- एच. पि. भि. खोप कार्यक्रमको बिभिन्न वडाहरुमा गई अनुगमन गरीएको ।
- अजयमेरु गाउँपालिका अन्तर्गत सबै वडाहरुमा खोरेत रोग बिरुद्यको खोप संचालन ।
- कृषकहरुको घरदैलोमा गई जटिल प्रकृतिका रोगहरुको उपचार तथा पशु बन्ध्याकरण सेवा

दिईएको

- एच. पि. भि. खोप कार्यक्रमको बिभिन्न वडाहरुमा गई अनुगमन गरीएको ।
- अजयमेरु गाउँपालिका द्वारा वडा न ६ मा पशु स्वास्थ्य शिविर संचालन गरी ३६४ पशुहरुमा उपचार सेवा प्रदान गरीयो।
- नवनिर्मित कृषि तथा पशु सेवा उपचार केन्द्र बाट प्रयोगशाला सेवा सम्बन्धी थप सेवा नियमित रुपमा संचालनमा ल्याईएको । (थुनेलो रोगको परीक्षण)

**पञ्जिकरण शाखा**

- सामाजिक सुरक्षा भत्ता परिचय पत्र वडा कार्यालय मार्फत नविकरण।
- मृत्यु भएका लाभग्राहीहरुको लगतकट्टा गरि बैकं मार्फत रकम कोलेनिका कार्यालयमा फिर्ता।
- सामाजिक सुरक्षामा बैकिंङ प्रणाली मार्फत पूर्ण रुपमा EFT लागु भएको।
- विभाग बाट प्राप्त भएको राष्ट्रिय परिचयपत्र ५९०८ मध्ये ४२०५ बाडिएको ।

**शिक्षा शाखाः**

- विद्यालय अनुगमन तथा निरीक्षण ।
- नियमित प्रअ बैठक सञ्चालन
- शिक्षा समिति बैठक सञ्चालन
- प्रथम त्रैमासिक , द्वितीय त्रैमासिक र वार्षिक परीक्षा एकरुपताका साथ सञ्चालन
- मासिक रुपमा शिक्षकहरुको तलभ भत्ता खातामा निकासा
- प्रअ वैठकमा शिक्षा क्षेत्रका व्यक्तित्वहरुलाई आमन्त्रिण गर्ने गरिएको
- "शिक्षामा गरिने खर्च , खर्च होइन लगानी हो" भन्ने मूल नाराका साथ गुणस्तरीय शिक्षाका लागि दोस्रो शैक्षिक सम्मेलन - २०८२ सम्पन्न
- MBBS अध्ययनरत ५ जना लाई छात्रवृत्ती वितरण
- सूचना प्रविधिसम्बन्धी क्षमता विकास तालिम सम्पन्न
- IEMIS अध्यावधिकका लागि तालिम सञ्चालन
- विद्यालय समायोजन तथा तह मिलान कार्य २ वटा विद्यालयमा सम्पन्न
- शैक्षिक बुलेटिन प्रकाशन
- शैक्षिक पात्रो छपाइ तथा वितरण

- गाउँपालिका स्तरीय वालसञ्जाल गठन
- शैक्षिक बुलेटिन प्रकाशन
- शिक्षकहरुको तलव भत्ता प्रत्येक महिना शिक्षककै खातामा EFT गरी निकासा

**<u>वडा कार्यालबाट सम्पाद गरीएका कामहरू:</u>**

**<u>वडा नं. १</u>**

| कार्यक्रम तथा योजनाहरु | बजेट | अवस्था | प्रगति /भौतिक | /वित्तीय |
|---|---|---|---|---|
| उत्कृष्ट म.स्वा.स्वाय.से. पुरुस्कार | ५००० | सम्पन्न | १००% | १००% |
| उत्कृष्ट स्वास्थ्यकर्मी पुरुस्कार | ५००० | सम्पन्न | १००% | १००% |
| स्वस्थ बच्चा प्रतिस्पर्धा | १०००० | सम्पन्न | १००% | १००% |
| स्वास्थ्य कार्यक्रमहरु को बार्षिक समिक्षा | १०००० | सम्पन्न | १००% | १००% |
| महिला स्वास्थ्य स्वयं सेविका उत्प्रेरणा | ६१००० | सम्पन्न | १००% | १००% |
| स्वास्थ्य चौकी ब्यबस्थापन | ३०००० | सम्पन्न | १००% | १००% |
| आकस्मिक औषधि खरिद तथा महामारी ब्यबस्थापन | ४०००० | सम्पन्न | १००% | १००% |
| उत्कृष्ट कक्षा १० का ४ जना विद्यार्थी लाई पुरुष्कार | २०००० | सम्पन्न | १००% | १००% |
| गरिब तथा जेहेन्दार विद्यार्थी लाई पुरुष्कार | ३०००० | सम्पन्न | १००% | १००% |
| खेलकुद | १५०००० | सम्पन्न | १००% | १००% |
| तरकारी बिउ वितरण ५०% अनुदानमा | ८०००० | सम्पन्न | १००% | १००% |
| आकस्मिक औषधी खरिद तथा पशु स्वास्थ्य शाखा ब्यबस्थापन | ७०००० | सम्पन्न | १००% | १००% |
| पुइलेक महरगाउँ ढिल्काणे सम्म कृषि सडक | ४४०००० | सम्पन्न | १००% | १००% |
| मुद्राड सामुदायिक भवन निर्माण | ४९५००० | सम्पन्न | १००% | १००% |
| छक्केली बैडा सडक | ४३०००० | सम्पन्न | १००% | १००% |
| गैरी गाउँ गोरेठो बाटो निर्माण | ४०००० | सम्पन्न | १००% | १००% |
| मागमा आधारित कार्यक्रम | १८५००० | सम्पन्न | १००% | १००% |
| सेवा परामर्ष | ६०००० | सम्पन्न | १००% | १००% |
| मोटरसाइकल मर्मत तथा ईन्धन | ६०००० | सम्पन्न | १००% | १००% |
| कर्मचारी/जनप्रतिनिधि प्रोत्साहन | ८८००० | सम्पन्न | १००% | १००% |

| | | | | |
|---|---|---|---|---|
| वडा प्रोफाइल निर्माण | ३०००० | सम्पन्न | १००% | १००% |
| बिबिध | १६००० | सम्पन्न | १००% | १००% |
| अन्त्यस्टी खर्च | १००००० | सम्पन्न | १०००% | ५०% |
| अनुदानमा पोली हाउस प्लास्टिक वितरण | ५०००० | सम्पन्न | १००% | १००% |
| तरकारी तथा मसला बालि प्रबर्धन कार्यक्रम | ९५००० | सम्पन्न | १००% | १००% |
| समैजी स्वास्थ्य चौकी सम्मको बाटो निर्माण | २८०००० | सम्पन्न | १००% | १००% |
| बाध्यबादन सामग्री खरिद | १००००० | सम्पन्न | १००% | १००% |
| बन संरक्षण तथा परियाबरण सम्बन्धि सरोकारवाला लाइ अभिमुखीकरण | ५०००० | सम्पन्न | १००% | १००% |

- वार्ड प्रोफाइल निर्माण ।
- अन्त्यस्टि खर्च कार्यक्रम बाफत आफन्त गुमाएका नागरिक लाई सहानुभूति तथा मानबिय सहायता गरिएको ।

## वडा नं. २

- मागमा आधारित कार्यक्रम ४लाख ७वटा घरका छाना निर्माण र ३ किलोमिट कृषि कार्यका लागि पायप बितरण ।
- खेलकुद तथा साँस्कृतिक प्रवृधन कार्यक्रमः सवै कार्य सम्पन्न.
- रोल्ली न्वालो निर्माण योजनाः २लाख सम्झौता भई कार्य सम्पन्न ।
- भिडीयो डकुमेन्ट्री निर्माण कार्य सम्पन्नः
- खानेपानी निर्माण मर्मत योजना ५ लाख,हाट लिफ्ट खानेपानी निर्माण सम्पन्न ।
- डडोला बाटो निर्माण ३ लाख पिसिसि बाटो कार्य सम्पन्न
- बजिमडा लाटा देवता भण्डार घर निर्माण २ लाख ५० हजार निर्माण कार्य सन्पन्न
- नवदुर्गा आ.वि खानेपानी निर्माण १ लाख निर्माण कार्य सम्पन्न
- पन्तेडा पानी घट्ट मर्मत ५० हजार निर्माण कार्य सम्पन्न
- सिम बाटो निर्माण १ लाख निर्माण कार्य सम्पन्न
- समैजी प्रा.वि हाट बिद्यालय भवन मर्मत २.५ लाख सोलिङ, पिसिसि र ३ थान झ्याल ढोका निर्माण तथा निर्माण कार्य अधुरो
- टिटिली साना सिचाई निर्माण १ लाख निर्माण कार्य सम्पन्न
- साना सिंचाई अन्तर्गत ३ वटा पोखरी निर्माण कार्य सम्पन्न

- सडक बोर्ड अन्तर्गत सिम चमडा घोडकट्टे सडक निर्माण योजना १४ लाख निर्माण कार्य सम्पन्न
- बेताल मन्दिर निर्माण योजना १५ लाख काम सम्पन्न सम्झौता अनुसार
- अजयमेरु कोट पुनःनिर्माण काम सम्पन्न
- जिजोडा सिलङ्गा चौतारा, डोली बिसौना पर्खाल निर्माण १० लाख निर्माण योजना सम्पन्न
- खेलकुद तथा सांस्कृतिक प्रवर्दन कार्यक्रम ३ लाख

<u>वडा नं. ३</u>

- सामाजिक सुरक्षा भत्ता नबिकरण
- जिल्ला प्रदेशका योजनाहरुको सुचना प्रकाशन गरि आवेदन संकलन र सिफारिस
- योजना उपभोक्ता समिति गठन
- उपभोक्ता समितिको तालिम संचालन र योजना सम्झौता कार्य संचालन
- आलु बिउ बितरण
- कृषि कार्यक्रमको अनुगमन
- प्रधानमन्त्री रोजगार कार्यक्रमको १३ छनौट भइ कार्य सञ्चालन ।
- सामुदायिक प्रहरी साझेदारी कार्यक्रम सञ्चालन
- कृषि र भेटेरिनरी घुम्तिकोष सञ्चालन
- राष्ट्रपति उप राष्ट्रपति रनिङशिल्डमा सहजिकरण
- मैत्रिपुर्ण डेउडा प्रतियोगिता
- बेमौषमी तरकारी बिउ बितरण ५०Ü अनुदान र पशु सेवाका लागि १०० अनुदानमा औषधी बितरण

<u>वडा नं. ४</u>

- २० वटा योजनाहरुको १२ वटा उपभोक्ता समिति गठन भएको
- उपभोक्ता समितिलाई तालिम सम्पन्न
- योजना सम्झौता कार्य
- ४ वटा समितिको योजना सम्झौता नभएको
- ५ वटा योजना सम्पन्न भैसकेको र अनुगमन गरी भुक्तानी गर्न बाँकी
- ३ वटा योजना निर्माण भइरहेको
- ६ वटा योजना हिउँदे अधिभेशनमा रकमान्तर
- सामाजिक सुरक्षा भत्ता नवीकरण सम्पन्न
- वडा समिति ११ वटा बैठक बसी विविध विषयमा निर्णय गरी कर्यन्वयन भएको

- नागरिकता तथा प्रतिलिपि सिफारिस कार्यहरु निरन्तररुपमा भईरहेको
- जन्मदर्ता, मृत्युदर्ता,विवाह दर्ता, सम्बन्ध बिच्छेद, बसाईसराइ जस्ता घटनाहरु अनलाईन प्रर्णलीमा दर्ता भएको

**वडा नं. ५**

- बिषयगत कार्यालय/इकाईहरुमा आवश्यक अनुगमन गरी आवश्यक सल्लाह,सुझाब र पृष्ठपोषण दिने गरेको,
- पशुपालन र कृषि खेति गरिरहेका कृषकहरुको घर घर मै पुगि औषधि उपचार र आवश्यक सर सल्लाह दिने काम भएको,
- बजार तथा पार्क सरसफाई कार्यक्रम समय-समयमा गर्ने गरेको,
- सामाजिक सुक्षा भत्ता शाखा रहित ग्लोबल आई.एम.ई.बैंक देवल मार्फत अशक्तहरुको घर-घरमै पुगि वितरण कार्यमा सहजता ल्याएको।
- वडा अन्तर्गत सञ्चालनमा रहेका योजनाहरु को समय- समयमा अनुगमन भईरहेको र सम्पन्न भएका योजनाहरु दिगोपना रहेको,
- वडाका योजनाहरुमा समुदायको जनश्रमदान रहेको,
- योजनाहरु प्राथमिकताको क्रम अनुसार छनौट हुने गरेको,
- वडा बाट प्रदान गरिने विभिन्न सचेतनामुलक तथा अभिमुखिकरण कार्यक्रम मार्फत सुचना प्रबाह तथा जिवनशैलीमा परिवर्तन विस्तारै भईरहेको ।
- गरीब तथा अति विपन्न समुहका सदस्यहरुको बैठक र वडा समिति मार्फत आ.व.२०८१/०८२ मा सञ्चालन गरिने कार्यक्रम बारे छलफल गरि २० जना गरिव विपन्न २० जना सदस्यहरु लाई बाख्रा वितरणको लागि छनौट गरियो,
- आ.व.२०८१/०८२ मा वडा नम्बर ५ र ६ मा गरीब तथा अति विपन्न समुहका सदस्यहरुलाई २० वटा बाख्रापाठाहरु वितरण गरियो,
- असाढ १२ गते बाके, नेपालगञ्जमा भुमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयले आयोजना गरेको सामाजिक परिचालकको क्षमता अभिवृद्दी कार्यक्रममा सहभागि भएको,
- वडा कार्यालयमा आएका सेवाग्राहिहरुको निवेदन लेख्ने लगायतका कार्यमा सहजिकरण गरियो,
- वडा कार्यालयको दैनिक कामकाजमा सहयोग गरियो ।

**वडा नं. ६**

- श्रावण देखि भाद्र मसान्त सम्म सा.सु भत्ता नविकरण ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम
- १० योजनाहरुको उपभोक्ता समिति गठन ।
- हिन्दु नारिहरुको महान चाड हरितालिका तिजको अवसरमा आयोजित तिज विशेष कार्यक्रम ।
- सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहिहरुको चेक जम्मा गर्ने कार्य ।
- दिपावलि र छठ पर्व को अवसरमा सुभकामना आदानप्रदान कार्यक्रम ।
- दशै र तिहार पर्व को अवसरमा खुला पुरुष भलिवल प्रतियोगिता कार्यक्रम ।
- उपभोक्ता समितिका पदाधिकारिहरुलाई तालिम र योजना सम्झौता गर्ने कार्य
- राष्ट्रिय समाज संघ नेपालबाट मुक्त हलिया तथा दलित उद्यमीहरुका लगि ३ दिने उद्यमशिलता विकास तालिम दिई १८ जनालाई महुरी सहित घार वितरण गरियो ।
- होलीको अवसरमा वडा कार्यालयमा होली ६ वटा कमिटिहरुसँगै होली खेल्ने कार्यक्रम सँगै सँस्कृतिक सामाग्री वितरण कार्यक्रम ।
- एकल महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत एकल बिपन्न महिलाहरुलाई दैनिक उपभोग्य सामाग्री विगरण कार्यक्रम ।
- पुर्ण खोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा